वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक






# बुद्धसिंह मार्ग : प्रयाप्त बजेट विनियोजन नहुँदा अपेक्षित गति लिन सकेन

## बजेट अभाव, खण्डीकृत योजना र ढिलो कार्यान्वयनले दक्षिणी तनहुँका किसान, व्यवसायी र स्थानीयवासी मारमा

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

तनहुँको दक्षिणी भेगका ग्रामीण बस्तीलाई सदरमुकाम दमौली, कृषि बजार तथा चितवनसँग जोड्ने रणनीतिक महत्वको बुद्धसिंह मार्ग निर्माण सुरू भएको लामो समय बितिसक्दा पनि अपेक्षित गति लिन सकेको छैन । संघ, गण्डकी प्रदेश र स्थानीय तहबाट वर्षेनि करोडौँ रूपैयाँ बजेट विनियोजन भइरहे पनि निर्माण कार्य सुस्त हुँदा यस मार्गबाट प्रत्यक्ष लाभ लिनुपर्ने किसान, व्यवसायी र सर्वसाधारण निराश बनेका छन् ।

दक्षिणी तनहुँको आर्थिक, कृषि तथा पर्यटन विकासको मेरूदण्डका रूपमा हेरिएको बुद्धसिंह मार्गलाई तीनै तहका सरकारले प्राथमिकतामा राख्दै आएका छन्। तर पर्याप्त बजेटको अभाव, खण्ड-खण्डमा हुने बजेट विनियोजन, आयोजना व्यवस्थापनको कमजोरी, पटक-पटक थपिने निर्माण अवधि तथा वित्तीय व्यवस्थापनमा देखिएका समस्याले आयोजना वर्षौंदेखि अधुरै छ ।

स्थानीयका अनुसार सडकका केही भागमा ट्र्याक खोल्ने, ग्राभेल गर्ने तथा सीमित स्तरोन्नतिको काम भए पनि अधिकांश खण्डमा कालोपत्र, पुल निर्माण तथा गुणस्तरीय सडक संरचना अझै बन्न सकेको छैन । जसका कारण वर्षायाममा हिलो र पहिरो तथा हिउँदमा धुलोका कारण यात्रा कष्टकर हुने गरेको छ ।

**कृषकका लागि जीवनरेखा बनेको सडक**

देवघाट गाउँपालिका-२ लङग्रीङका सुन्तला किसान नवराज गुरूङका अनुसार बुद्धसिंह



मार्ग ग्रामीण क्षेत्रका कृषकका लागि सडक मात्र नभई जीवनरेखा हो। 'हामीले उत्पादन गरेको सुन्तला यही बाटो हुँदै बजार जान्छ', उनले भने, 'सडक राम्रो नहुँदा ढुवानी खर्च बढेको छ । कतिपय अवस्थामा उत्पादन समयमा बजार पुग्न नसक्दा किसानले उचित मूल्य पनि पाउन सकिरहेका छैनन्।'

देवघाट गाउँपालिका सुन्तला उत्पादनको प्रमुख क्षेत्र हो । यहाँका अधिकांश किसानको मुख्य आम्दानी सुन्तला खेतीबाट हुने गरेको छ । तर कमजोर सडकका कारण उत्पादनको प्रतिस्पर्धात्मक मूल्य प्राप्त गर्न कठिन भइरहेको कृषकको गुनासो छ ।

कृषि विकास कार्यालय तनहुँका सूचना अधिकारी किरण परियारका अनुसार देवघाट गाउँपालिकाको ३१८ हेक्टर खेतीयोग्य जमिनमध्ये २६१ हेक्टरमा सुन्तलाखेती गरिएको छ । उक्त क्षेत्रबाट वार्षिक दुई हजार ६७२ मेट्रिकटन सुन्तला उत्पादन हुन्छ ।

उनका अनुसार बुद्धसिंह मार्ग समयमै स्तरोन्नति हुन सके किसानले सहज रूपमा बजार पहुँच पाउने, ढुवानी लागत घट्ने र कृषि उत्पादनको विविधीकरणमा समेत सकारात्मक प्रभाव पर्नेछ।

**'कृषि मार्ग'को अवधारणा अधुरो**

सडक ट्र्याक खोल्ने अभियानका अगुवा तथा व्यास नगरपालिका-१३ बेलबास निवासी यामबहादुर आलेका अनुसार बुद्धसिंह मार्गलाई सुरूमा कृषि मार्गको अवधारणाअनुसार अघि बढाइएको थियो ।

'त्यतिबेला ग्रामीण उत्पादनलाई बजारसँग जोड्ने लक्ष्यका साथ सडक खोलिएको थियो', उनले

बाँकी अन्तिम पेजमा

# सात वर्षदेखि अलपत्र कालीमाटी-कुन्छा सडक : निर्माण अघि बढाउन स्थानीयको दबाब

**भञ्ज्याङ समाचारदाता**/भानु

तनहुँको भानु नगरपालिका अन्तर्गत कालीमाटी-कुन्छा सडकखण्डको घुमाउने चौतारादेखि सिमलचौरसम्मको सडक निर्माण कार्य सात वर्षदेखि अलपत्र परेको भन्दै स्थानीयवासीले तत्काल निर्माण अघि बढाउन माग गरेका छन् ।



स्थानीय युवा अमर राना मगरका अनुसार लामो समयदेखि सडक निर्माण रोकिँदा वर्षायाममा हिलो, खाल्डाखुल्डी र जोखिमपूर्ण अवस्थाका कारण विद्यार्थी, बिरामी, किसान तथा सर्वसाधारणले दैनिक सास्ती भोग्न बाध्य भएका छन् । पटक-पटक निर्माण कार्य चाँडै सम्पन्न गरिने आश्वासन दिइए पनि कामले गति लिन नसकेको उनको गुनासो छ ।

स्थानीयका अनुसार निर्माण कम्पनीले सम्झौताअनुसार काम गर्न नसकेको अवस्थामा कानुनबमोजिम कारबाही गरी ठेक्का रद्द गर्ने निर्णयसमेत दुई-तीन वर्षअघि भएको चर्चा भएपनि त्यसको कार्यान्वयन नभएको भन्दै उनीहरूले भानु नगरपालिकासंग यसको जवाफ मागेका छन् ।

उनीहरूले सडक निर्माणमा भएको ढिलाइको वास्तविक कारण सार्वजनिक गर्न, जिम्मेवार व्यक्ति तथा निकायको जवाफदेहिता सुनिश्चित गर्न तथा निर्माण सम्पन्न हुने स्पष्ट समयसीमा सार्वजनिक गर्न नगरपालिका र अन्य सरोकारवाला निकायसंग माग गरेका छन् ।

यसैबीच सडक निर्माणको विषयमा छलफल तथा सम्बन्धित निकायलाई दबाब दिन स्थानीयवासीले विहीबार भानु नगरपालिकामा डेलिगेसन गएका छन् । सडकको दिगो समाधानका लागि सामूहिक रूपमा आवाज उठाउन स्थानीयले सबै सरोकारवाला तथा नागरिकले साथ र सहभागिता जनाएको स्थानीय युवा राना मगरले जानकारी गराए ।

स्थानीयवासीले विकास निर्माणका योजनाहरु समयमै सम्पन्न हुनुपर्नेमा जोड दिँदै लामो समयदेखि अलपत्र रहेका आयोजनाले जनतामा निराशा बढाएको उनले बताएका छन्। स्थानीय उपभोक्ताहरूले सम्बन्धित निकायले अब थप ढिलाइ नगरी सडक निर्माण कार्य तत्काल अघि बढाउनुपर्ने माग गरेका छन् ।

# किन बढ्छ मनसुनजन्य रोगको जोखिम ?

**प्रगति ढकाल**/काठमाडौं

यतिबेला वर्षायाम चलिरहेको छ । हरियाली छ प्रकृति । खेतबारीमा धान रोपाइँको चहलपहल बाँकी नै छ । नदी, खोलानाला, खहरेमा पानीको बहाव बढेको छ । वर्षाले वायुमण्डलमा रहेका धुलोका कण तथा अन्य प्रदुषण पखालेर वातावरणलाई स्वच्छ बनाएको छ । प्राकृतिक सौन्दर्यताका बीच बाढी, पहिरो, डुबानजस्ता विपद्सँगै फैलिने विभिन्न सरूवा रोग भने वर्षायामका जोखिमयुक्त पक्ष हुन् । यस समयमा बाढी पहिरो र डुबानले खानेपानीलाई प्रदूषित बनाउँछ। वर्षायामसँगै विभिन्न सरूवा रोगको जोखिम पनि बढ्ने गरेको छ । डेङ्गु, झाडापखाला, हैजा, स्क्रब टाइफस, लेप्टोस्पाइरोसिस, फङ्गल संक्रमणलगायतका रोग प्रत्येक वर्ष मनसुनमा बढ्ने भएकाले स्वास्थ्य क्षेत्रको प्रमुख चिन्ताको विषय बनेको छ।

नेपालमा स्क्रब टाइफस सङ्क्रमण विज्ञान, क्लिनिकल विशेषता, निदान र जटिलताः एक व्यवस्थित समीक्षा (२०२३) ले मनसुन र त्यसपछिको समय स्क्रब टाइफसको उच्च जोखिम अवधि भएको निष्कर्ष निकालेको छ । उक्त अनुसन्धानले नेपालमा स्क्रब टाइफसलाई मनसुन र मनसुनपछिको समयमा बढ्ने महत्वपूर्ण सार्वजनिक स्वास्थ्य समस्याका रूपमा औँल्याएको छ । उक्त स्क्रब टाइफसको संक्रमणसँगै ज्वरो आउने, भोक नलाग्ने,



टाउको दुख्ने, खोकी लाग्ने, सास फेर्न गाह्रो हुने, वाकवाकी लाग्ने, पेट दुख्ने, छालामा डाबर आउने, जन्डिस हुनेलगायतका समस्या आउने अध्ययनले देखाएको छ ।

विशेषगरी यस समयमा रोगको निगरानी बढाउने, समुदायमा जनचेतना फैलाउने, छिटो परीक्षण गर्ने र समयमै उपचार उपलब्ध गराउने हो भने सङ्क्रमण, जटिलता र मृत्युदर घटाउन सकिने अध्ययनको निष्कर्ष छ । अध्ययन अनुसार वर्षा र आर्द्रताले त्यस समयमा झाडी तथा घाँस बढी बढाउने, स्क्रब टाइफस सार्ने चिगर (लार्भा माइट) का लागि अनुकूल वातावरण बन्ने, किसान तथा खेतबारीमा काम गर्ने मानिससँग सम्पर्क बढ्ने भएकाले सङ्क्रमणको जोखिम पनि बढ्छ। स्वास्थ्य विज्ञका अनुसार वर्षायामको वातावरण रोग फैलनका लागि अत्यन्त अनुकूल हुन्छ ।

मनसुन सुरू भएसँगै पानी तथा खानाजन्य रोगका बिरामी बढ्न थालेको शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पताल टेकुले जनाएको छ। अस्पतालका निर्देशक डा अनुप बास्तोलाले वर्षायाममा दूषित पानी र अस्वस्थ खानाका कारण झाडा पखाला, आउँ (डिसेन्ट्री) लगायतका पानीजन्य रोगका बिरामी बढ्ने गरेको जानकारी दिनुभयो । "यससँगै डेङ्गु र मलेरियाका बिरामी पनि अस्पतालमा आउने क्रम बढ्ने गरेको छ । मनसुनको समयमा झाडा पखाला, आउँ, डेङ्गु र मलेरियाका बिरामी अस्पतालमा नियमित रूपमा देखिने गर्छन्", उहाँले भन्नुभयो, "यो मौसममा यस्ता रोगको जोखिम बढ्ने भएकाले खानपान र व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनुपर्छ ।"

डा बास्तोलाले यस्ता सरूवा रोगबाट जोगिन उमालेर वा सुरक्षित पानी पिउन, ताजा तथा सफा खाना खान, हात धुने बानी बसाल्न र लामखुट्टेको टोकाइबाट जोगिन झुलको प्रयोगलगायतका उपाय अवलम्बन गर्न आग्रह गर्नुभयो । उहाँले ज्वरो, पखाला वा अन्य संक्रमणका लक्षण देखिएमा ढिलाइ नगरी स्वास्थ्य संस्थामा उपचार गराउन पनि सुझाव दिनुभयो ।

**यसकारण बढ्छ मनसुनमा सरूवा रोगको जोखिम**

मनसुनको समयमा मानिसको जीवनशैली, दूषित पानीको प्रयोग र जलवायु परिवर्तनका कारण सरूवा तथा

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# सम्पदाको प्रवर्द्धन गरौं

साहित्यकारका लागि प्रेरणा र सिर्जनाको स्रोतका रूपमा रहेका स्थानहरु भ्रमणले नयाँ अनुभव र दृष्टिकोण दिन्छ। नेपालका साहित्यिक तीर्थस्थलहरूमध्ये भानु जन्मस्थल तनहुँको चुँदीरम्घामा रहेको संग्रहालय र शिखर कटेरी महत्त्वपूर्ण गन्तव्य स्थलहरु हुन् । नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको जन्मस्थल शिखर कटेरी र उनको जीवनसँग सम्बन्धित सामग्रीहरु संग्रहित भानु संग्रहालयलाई साहित्यकार र पर्यटकहरूको लागि आकर्षण केन्द्रको रूपमा विकास गर्न आवश्यक छ। भानु नगरपालिकामा रहेको चुँदी रम्घाको शिखर कटेरीमा भानुभक्तको जन्म भएको थियो। यो स्थानसम्म पुग्नका लागि मोटरमार्गको पहुँच भएकाले साहित्यकारहरूका लागि सहज यात्रा बन्न सक्छ । शिखर कटेरीमा पुगेपछि स्रष्टाहरूले प्राकृतिक सुन्दरता, सांस्कृतिक धरोहर र ऐतिहासिक महत्त्वलाई नजिकबाट अनुभव गर्न सक्नेछन् ।

शिखर कटेरीमा भानुभक्तले बिताएको बाल्यकालदेखि लिएर उनको साहित्यिक यात्रा सम्मको सम्पूर्ण कथावस्तुलाई संग्रहालयमा संकलन गरिएको छ। संग्रहालयमा राखिएका वस्तुहरूले भानुभक्तको साधारण जीवनशैली र सिर्जनात्मक व्यक्तित्वलाई प्रस्ट पार्छन्। त्यहाँ भानुभक्तले प्रयोग गरेका मसीदानी, कलम, खाट, सन्दुक, पूजा सामग्रीजस्ता ऐतिहासिक वस्तुहरु संग्रहित छन्। यी वस्तुहरूले भानुभक्तको जीवन र साहित्यिक योगदानलाई थप नजिकबाट बुझ्न अवसर दिन्छ। संग्रहालयमा भानुभक्तले लेखेका हस्तलिखित पाण्डुलिपिहरु, मसीदानी र कलमले लेखिएका कृति, गजल, कविता, रामायणको बालकाण्ड लगायतका कृतिहरु अवलोकन गर्न सकिन्छ । यस्ता सामग्रीहरु साहित्यकारहरूका लागि प्रेरणा बन्न सक्छन्। संग्रहालय प्रवेश गरेपछि भानुभक्तको सरल जीवनशैली र उनको महान् साहित्यिक योगदानको झल्को पाइन्छ ।

शिखर कटेरी क्षेत्रमा देखिने प्राकृतिक सुन्दरता, हरियाली फाँट, घाँसका डाँडाहरु, र स्थानीय जनजीवन पनि साहित्यकारहरूको लेखनका लागि नयाँ विषयवस्तु प्रदान गर्छ। साहित्यकारहरूका लागि यो ठाउँले मौलिकता, नवीनता र सिर्जनशीलताको उद्गम स्थलका रूपमा काम गर्न सक्छ । साहित्यिक पर्यटनका हिसाबले शिखर कटेरीको विकासले तनहुँको पर्यटन उद्योगलाई समेत टेवा पुर्याउन सक्छ। पर्यटकहरूका लागि साहित्यिक यात्रा प्याकेजहरु तयार पार्न सकिन्छ । डुम्रेबाट शिखर कटेरीसम्मको यात्रा, संग्रहालय अवलोकन, स्थानीय बस्तीको अध्ययन, स्थानीय भोजनको अनुभव, सांस्कृतिक कार्यक्रमहरूको आयोजना आदिले साहित्यिक पर्यटनलाई प्रवर्द्धन गर्न सकिन्छ ।

साहित्यिक यात्राले साहित्यकारहरूको मनोभावना, सिर्जनात्मकता र रचनात्मक सोचमा सकारात्मक प्रभाव पार्दछ। शिखर कटेरीमा पुगेपछि साहित्यकारहरूले भानुभक्तको जीवन, घासीसँगको भेट, घासीले दिएको प्रेरणा, भानुभक्तको सामाजिक चेतना आदिबारे थप अध्ययन गर्न सक्छन्। यस्ता अध्ययनहरूले साहित्यकारहरूलाई आफ्ना लेखनहरूमा नवीनता र गहिराइ थप्न सहयोग पुर्याउँछ । त्यसैगरी, शिखर कटेरी क्षेत्रमा रहेका ऐतिहासिक तथा पुरातात्विक धरोहरहरूको संरक्षण र प्रबर्द्धनको आवश्यकतामाथि पनि विशेष ध्यान दिनु आवश्यक छ। शिखर कटेरीको प्राचीन वास्तुकला, ग्रामीण जीवनशैली, प्राकृतिक स्रोतसाधन आदिको संरक्षण गर्दा भविष्यका पुस्ताले पनि यी धरोहरहरूको महत्त्वलाई बुझ्न र अनुभव गर्न सक्नेछन्।

साहित्यकार, शोधकर्ता र पर्यटकहरूका लागि शिखर कटेरीमा साहित्यिक, ऐतिहासिक र सांस्कृतिक कार्यशालाहरूको आयोजना गरिनुपर्छ। यसले केवल साहित्यिक अध्ययन र अनुसन्धानलाई मात्र प्रवर्द्धन गर्दैन, स्थानीय पर्यटन व्यवसायलाई पनि आर्थिक रूपमा सशक्त बनाउन सक्छ । यसरी, भानु संग्रहालय र शिखर कटेरीको साहित्यिक महत्त्वलाई उजागर गर्दै साहित्यकारहरूको प्रेरणाको स्रोतका रूपमा स्थापित गर्न सकेमा नेपाली साहित्य र संस्कृतिको जगेर्ना गर्न सकिनेछ। साथै, यस क्षेत्रलाई साहित्यिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न स्थानीय तह र पर्यटन मन्त्रालयले विशेष ध्यान दिनुपर्छ ।




# ‘संख्या अस्थायी हो, राष्ट्रप्रतिको जिम्मेवारी स्थायी’

सम्माननीय सभामुख महोदय,

लामो समय म सदनमा उपस्थित हुन सकिनँ। केही समय स्वास्थ्यमा आएको सामान्य समस्या र केही समय विदेश भ्रमणका कारण यस्तो हुन पुग्यो। संसद्मा मेरो अनुपस्थितिसम्बन्धी प्रकाशित सूचनाप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ। आगामी दिनमा यस्तो हुनेछैन भन्ने कुरा म यस सम्मानित सदनमा आत्मसात् गर्न चाहन्छु । म यहाँ लामो वक्तव्य दिने उद्देश्यले आएको त होइन, तर देशमा पछिल्लो समय घटेका घटनाक्रम र सदनमा चलिरहेका बहसका सन्दर्भमा केही गम्भीर विषयमा ध्यानाकर्षण गराउन आवश्यक ठानेर उपस्थित भएको छु।

अन्य माननीय सदस्यहरूले जस्तै म पनि सुनसरीको कप्तानगञ्जमा बोलबम धार्मिक यात्राका क्रममा उत्पन्न विवाद चर्किएर भएको दुःखद घटनाप्रति गम्भीर छु। यसले कतै ठुलो साम्प्रदायिक विद्वेषको रूप लिने त होइन भन्ने चिन्ता सर्वत्र छाएको छ ।

म उक्त घटनामा ज्यान गुमाउने ओमप्रकाश मेहताप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु र सम्पूर्ण घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु। यस समग्र घटनामा सुरक्षा निकायको भूमिका कस्तो रह्यो ? के त्यहाँ त्यो स्तरको गोली चलाउनैपर्ने अवस्था थियो वा थिएन? समस्या समाधानका अन्य विकल्पमा कति पहल गरियो ? यी सबै विषयमा विस्तृत अध्ययन गरी वास्तविकता बाहिर ल्याउन म सरकारसँग विशेष अपिल गर्दछु ।

अहिले देशको समग्र राजनीतिक परिस्थिति त्यति सहज छैन । सदनमा हामीले पक्कै पनि तर्क–वितर्क गरेका छौँ, आ–आफ्ना मत राखेका छौँ, यो स्वाभाविक हो। तर, गत निर्वाचनमा जनताले जसरी आफ्नो अभिमत प्रकट गरेका थिए, यसबिचमा सरकारका क्रियाकलापले जनताको त्यो अपेक्षालाई सम्बोधन गर्न सकेका छैनन्। बरू, दिन–प्रतिदिन परिस्थिति अझ असहज हुने हो कि भन्ने चिन्ता बढेको छ ।

सुनसरी, मोरङलगायतका स्थानमा देखिएको परिस्थितिका सन्दर्भमा म यो सम्मानित सदनमार्फत आम नेपाली जनतालाई अपिल गर्न चाहन्छु– हाम्रो ऐतिहासिक विरासत र परम्परा भनेकै सामाजिक सद्भाव कायम राख्नु र राष्ट्रिय एकताप्रति समर्पित हुनु हो। जस्तोसुकै अप्ठ्यारो परिस्थितिमा पनि संवाद र सहकार्यमार्फत जतिसुकै ठुलो द्वन्द्वलाई पनि समाधानको बाटोमा लैजान सक्ने हाम्रो गौरवशाली संस्कृति छ ।

त्यसैले, हाम्रो त्यो परम्परालाई स्मरण गर्दै देखापर्न खोजेका समस्यालाई संवाद र सहकार्यबाटै समाधान गर्न म आग्रह गर्दछु । साथै, आम जनताको एकतामाथि घुसपैठ गरी परिस्थितिलाई अझ असहज बनाउन खोज्ने प्रवृत्ति र शक्तिलाई एकजुट भएर परास्त गर्न पनि म अपिल गर्दछु।

हिजो मात्रै ढिलै गरी भए पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सर्वदलीय बैठक आह्वान गर्नुभयो। त्यसका लागि हामी सबैले उहाँ र उहाँको पार्टीलाई धन्यवाद दियौँ। तर, हामीले त्यहाँ एउटा गम्भीर चिन्ता पनि व्यक्त गर्‍यौँ ।

यस्तो असहज परिस्थितिमा संविधानतः, कानुनतः र व्यवहारतः सबैभन्दा बढी नेतृत्वदायी भूमिका प्रधानमन्त्रीले नै खेल्नुपर्ने हुन्थ्यो। यस्तो संवेदनशील र महत्त्वपूर्ण बैठकमा प्रधानमन्त्री र विभागीय मन्त्रीका रूपमा रिपोर्टिङ गर्नुपर्ने गृहमन्त्रीकै अनुपस्थिति हुनु हामी सबैका निम्ति चिन्ताको विषय हो ।

तैपनि, सरकारको नेतृत्व गर्ने पार्टीको तर्फबाट हिजो जुन पहल भयो, त्यसलाई हामीले सकारात्मक रूपमै लिएका छौँ। हामी सबैले सामूहिक रूपमा सामाजिक सद्भाव कायम गर्न र हाम्रो गौरवशाली परम्परालाई अगाडि बढाउन अपिल गरेका छौँ ।

मैले त्यतिबेला पनि भनेको थिएँ– देशमा भएको निकै ठुलो जनयुद्धलाई शान्ति प्रक्रियामा ल्याउने क्रममा हामीले संवाद र सहकार्यलाई नै अन्तिम उपायका रूपमा प्रयोग गर्‍यौँ । त्यसबाट हामीले नेपालमा मात्र होइन, विश्वसामु नै एउटा ऐतिहासिक उदाहरण प्रस्तुत गर्‍यौँ। हाम्रो सफल शान्ति प्रक्रिया एउटा परिवर्तनकारी शक्तिका रूपमा स्थापित भएको छ, जसमा हामी सबैले गौरव गर्नुपर्छ ।

त्यसपछिका घटनाक्रममा पनि देशमा जतिबेला गम्भीर राजनीतिक संकट देखा परे, ती गाँठो फुकाउन सत्तापक्ष र प्रतिपक्षले जहिले पनि संवाद र सहकार्यकै बाटो रोजेका छन्। म आज यस सम्मानित सदनमा स्मरण गराउन चाहन्छु– संविधान निर्माणका बेला देखा परेका संकट हुन् वा तराई–मधेस, पहाड र हिमालमा चर्किन खोजेको द्वन्द्वको स्थिति होस्, हामीले सहकार्यबाटै निकास निकालेका हौँ ।

म दोस्रोपटक प्रधानमन्त्री हुँदा मधेसका जनताका उचित माग र चिन्तालाई सम्बोधन गर्न पटकपटक संविधान संशोधनका प्रस्ताव सदनमा लगेर उहाँहरूको विश्वास नजितेको भए सायद संविधान निर्माणको प्रक्रिया अगाडि नबढ्न सक्थ्यो । त्यसो नभएको भए, आज यो सदनमा रास्वपा झण्डै दुई तिहाइ नजिकको जनमतसहित आउने अवस्था नआउन सक्थ्यो वा यहाँ रहेका विभिन्न जाति, भाषा, धर्म र समुदायको प्रतिनिधित्व नहुन पनि सक्थ्यो। म यो तथ्यप्रति यहाँहरूको ध्यानाकर्षण गराउन चाहन्छु ।

हामी सबैलाई थाहा छ, नेपालमा महाविनाशकारी भूकम्प जाँदा म प्रमुख प्रतिपक्षी दलको नेता थिएँ र नेपाली कांग्रेसका सभापति सुशील कोइराला प्रधानमन्त्री हुनुहुन्थ्यो । एकातिर संविधान बन्छ कि बन्दैन भन्ने चिन्ता थियो भने अर्कोतिर भूकम्पको महाविनाश र जनधनको क्षतिको गहिरो पीडा थियो ।

त्यतिबेला मैले यही रोस्ट्रममा उभिएर प्रधानमन्त्रीलाई भनेको थिएँ, 'तपाईँ सत्तापक्ष र प्रधानमन्त्री हुनुहुन्छ, म प्रतिपक्षी दलको नेता हुँ। तर आजबाट म प्रतिपक्षी दलको नेताका रूपमा होइन, राष्ट्रमा आएको गम्भीर संकट समाधानका लागि तपाईँको सरकारको सहयोगीका रूपमा भूमिका खेल्नेछु ।'

त्यसपछि नै संविधान निर्माण र भूकम्पपीडितको उद्धार तथा राहतको कामले गति लिएको थियो। हामी एउटै सवारीसाधनमा चढेर जनताको पीडामा मलमपट्टी लगाउन धेरै ठाउँ पुगेका थियौँ। त्यसैगरी, ठुला बाढीपहिरोका बेला पनि शान्ति प्रक्रिया र गणतन्त्रको नेतृत्वकर्ताका हैसियतले मैले राष्ट्रिय एकता सुदृढ गर्न संवाद र सहकार्यको पहल गरेको थिएँ।

मैले यो कुरा किन भनिरहेको छु भने, सदनको रोस्ट्रमबाट होस् या जनताको बिचमा, मैले सधैँ भन्ने गरेको छु, संसद्मा संख्या अस्थायी कुरा हो । मुख्य कुरा राष्ट्रप्रतिको जिम्मेवारी, लोकतन्त्रप्रतिको निष्ठा र प्राप्त उपलब्धिको रक्षाप्रतिको हाम्रो गम्भीरता हो । त्यसले जनतामा एउटा विश्वास दिलाउन सक्छ ।

पक्कै पनि जनतामा प्रश्नहरु छन्, निराशा पनि छन्, असन्तुष्टि पनि छन्। तर, जनतालाई उत्साहित र आशावादी बनाउँदै अगाडि बढ्न उत्प्रेरित गर्ने मुख्य जिम्मेवारी राजनीतिक नेतृत्व र यस सदनमा प्रतिनिधित्व गर्ने हामी सबै माननीय सदस्यहरूको हो । हामी सबै त्यही दिशामा लागौँ ।




मलाई थाहा छैन यस्तो किन भइरहेको छ । म यो रोस्ट्रमबाट खासगरी प्रधानमन्त्री बालेन शाहज्यूलाई भन्न चाहन्छु– नेपालमा विगतका धेरै अनुभवबाट गुज्रेका नेता, बुद्धिजीवी र विज्ञहरूको एउटा विशाल पङ्क्ति छ। ठुलठुला अप्ठ्यारा परिस्थितिलाई निकास दिन सक्ने, सुशासन, सामाजिक न्याय र समृद्धिका लागि लड्ने अनि लोकतन्त्रका लागि ७० वर्षदेखि जेलनेल र यातना भोगेका नेताहरूको पङ्क्ति छ । उहाँहरूको अनुभव लिन, उहाँहरूसँग संवाद र सहकार्य गर्न प्रधानमन्त्रीलाई केले रोक्यो होला? मलाई अनौठो लाग्छ ।

म प्रधानमन्त्रीलाई प्रश्न गर्न चाहन्छु– उहाँले मलाई नै बोलाएर 'तपाईँले पनि भ्रष्टाचारविरूद्ध लड्छु भनेर सुरू त गर्नुभएको थियो, तर तपाईँलाई केले सफल हुन दिएन ? भनेर सोधेको भए पनि हुन्थ्यो। उहाँलाई केले रोक्यो? आफ्नै

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
अरूको विश्वास जित्न केही समय लाग्नेछ। धैर्य एवं लगनशीलताले मात्र उपलब्धि प्राप्त हुनेछ।

**वृष**
अवसर र व्यवधानका बीचबाट कर्मफल हातपार्न सफल भइनेछ। अध्ययनमा प्रगति हुन सक्छ।

**मिथुन**
प्रयत्न गर्दा दिगो फाइदा हुने काम हातलागी हुनेछ। श्रम परे पनि अरूको उपकार गर्न सकिनेछ।

**कर्कट**
सुरूमा अल्छी गर्नाले काम बिग्रन सक्छ। पशुधनबाट सामान्य लाभ उठाउन सकिनेछ।

**सिंह**
परिस्थितिवश चिताएको काम रोकिन सक्छ। आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्।

**कन्य**
अवसर प्राप्त भए पनि समयको महत्व नबुझ्नाले पछि परिनेछ। अध्ययनमा धेरै समय दिन नसकिएला।

**तुला**
अवसरसँगै चुनौतीसमेत देखा पर्नेछन्। सहयोगको नाममा आफ्ना कमजोरीको फाइदा उठाउनेहरु प्रशस्तै हुनेछन्।

**वृश्चिक**
दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। श्रमको उचित मूल्यांकन होला। मिहिनेतले आम्दानी बढाउनेछ।

**धनु**
नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरु बढ्नेछन्। रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ।

**मकर**
विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

**कुम्भ**
करकापमा परी काममा जुट्नुपरे अवस्था रहनेछ। परिश्रमका तुलनामा प्रतिफल कम देखिनेछ।

**मीन**
अवसरका लागि भने केही दौडधुप गर्नुपर्ने देखिन्छ। पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ।

# किन बढ्छ मनसुनजन्य ......

मौसमी रोगको जोखिम बढ्ने बताउनुहुन्छ सरूवा रोग विशेषज्ञ डा शेरबहादुर पुन । उहाँका अनुसार वर्षायाममा मानिस बाहिर खाने, दूषित पानी पिउने तथा सरसफाइमा कमी हुने भएकाले पानी तथा खानाजन्य सङ्क्रमण बढ्ने सम्भावना रहन्छ। "मनसुनमा मानिसको व्यवहार पनि रोग फैलिने एउटा महत्वपूर्ण कारण हो", डा पुनले भन्नुभयो, "यो समयमा तिर्खा बढी लाग्ने भएकाले जहाँ पायो त्यहीँको पानी पिउने प्रवृत्ति हुन्छ । यदि पानी दूषित भयो भने विभिन्न सरूवा रोग फैलिने जोखिम बढ्छ ।"

उहाँका अनुसार मनसुनमा भाइरल संक्रमणका घटनासमेत बढ्ने सम्भावना रहन्छ । पछिल्लो समय जलवायु परिवर्तनका कारण तापक्रममा वृद्धि भइरहेकाले लामखुट्टेको प्रजननका लागि अनुकूल वातावरण बन्ने र त्यसले डेङ्गुजस्ता रोग थप फैलिन सक्ने उहाँको भनाइ छ । "तापक्रम बढ्दै जाँदा डेङ्गुको जोखिम पनि बढ्न सक्छ", उहाँले भन्नुभयो, "जलवायु परिवर्तन र मौसमी रोगबीचको सम्बन्धबारे थप अनुसन्धान आवश्यक छ । अनुसन्धानका आधारमा रोगको पहिचान, नियन्त्रण र नीतिगत व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ ।"

डा पुनका अनुसार डेङ्गुको प्रारम्भिक लक्षणमा उच्च ज्वरो, टाउको दुख्ने, आँखाको पछाडि दुख्ने, मांसपेशी तथा जोर्नी दुख्ने, शरीरमा राता दाना देखिने तथा अत्यधिक कमजोरी महसुस हुने गर्छ । समयमै उपचार नपाए केही बिरामीमा रक्तस्राव र रक्तचाप घट्न गई ज्यानै जोखिममा पर्ने अवस्था आउन सक्ने उहाँले बताउनुभयो । मनसुनजन्य रोग रोकथामका लागि प्रभावकारी अनुसन्धान र नीतिगत कार्यान्वयन आवश्यक रहेको छ ।

विशेषज्ञका अनुसार डेङ्गु नियन्त्रणको सबैभन्दा प्रभावकारी उपाय लामखुट्टेको प्रजननस्थल नष्ट गर्नु हो । डा पुन घर वरिपरि पानी जम्न नदिने, पानी राख्ने भाँडालाई छोपेर राख्ने, त्यस्ता भाँडाकुडा कम्तीमा हप्तामा एकपटक सफा गर्ने, झुलको प्रयोग गर्ने तथा लामखुट्टेको टोकाइबाट जोगिने उपाय अपनाउनुपर्ने सुझाव दिनुभयो । उहाँले मनसुनको समयमा ज्वरो वा अन्य संक्रमणका लक्षण देखिएमा घरमै बसेर औषधि सेवन गर्नुको सट्टा स्वास्थ्य संस्थामा पुगेर परीक्षण तथा उपचार गराउन पनि आग्रह गर्नुभयो ।

### जलवायु परिवर्तनले बढाएको चुनौती

जलवायु परिवर्तनका कारण वर्षाको स्वरूप फेरिँदै जाँदा मनसुनजन्य रोगको जोखिम पनि बढ्दै गएको विज्ञहरूले बताएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख तथा जलवायुविद् डा धर्मराज उप्रेतीले छोटो समयमा अत्यधिक वर्षा हुने, लामो समयसम्म पानी जमिरहने, तापक्रम र आर्द्रतामा हुने परिवर्तनले विभिन्न सरूवा रोग फैलाउने जीवाणु, भाइरस तथा रोग सार्ने कीटको जीवनचक्रलाई अनुकूल बनाएको बताउनुभयो ।

जलवायु परिवर्तनले मनसुनजन्य विपद्सँगै जनस्वास्थ्यमा पनि नयाँ चुनौती थपिएको उहाँको भनाइ छ । "अत्यधिक वर्षाका कारण धेरै स्थानमा पानी जम्ने अवस्था सिर्जना हुन्छ । त्यसले खानेपानीका स्रोत दूषित बनाउँछ र पानीजन्य रोग फैलिने जोखिम बढाउँछ", उप्रेतीले भन्नुभयो, "अर्कोतर्फ बढ्दो तापक्रम र अत्यधिक गर्मीले पनि विभिन्न सरूवा रोगको जोखिम बढाउन सक्छ । बाढी, पहिरो र डुबानले स्वास्थ्य सेवा प्रभावित बनाउँदा रोग नियन्त्रण अझ चुनौतीपूर्ण बन्छ र यसले मानवीय क्षति पनि बढाउन सक्छ ।" उहाँका अनुसार जलवायु परिवर्तन अब वातावरणीय मात्र नभई जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको चुनौती बनेको छ । त्यसैले विपद् व्यवस्थापनसँगै स्वास्थ्य क्षेत्रको पूर्वतयारी र समुदायस्तरको सचेतनालाई पनि सुदृढ बनाउनुपर्ने आवश्यकता रहेको उप्रेतीको भनाइ छ ।

### रोक नियन्त्रणका लागि सरकारी तयारी के छ ?

मनसुनसँगै विभिन्न सरूवा तथा पानीजन्य रोगको जोखिम बढ्ने स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले जनाएको छ। मन्त्रालयले वर्षायाममा सरूवा रोगको जोखिम न्यूनीकरणका लागि देशभर निगरानी प्रणाली सक्रिय पारिएको, तीन तहकै सरकारसँग समन्वय गरी रोगको सूचना संकलन, प्रयोगशाला परीक्षण, औषधि तथा स्वास्थ्य सामग्रीको व्यवस्थापन र जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिएको छ ।

मन्त्रालयका सहप्रवक्ता तथा वरिष्ठ स्वास्थ्य प्रशासक डा समिरकुमार अधिकारीले वर्षायाममा झाडा पखाला, हैजा, आउँ, टाइफाइड, डेङ्गुलगायतका रोग फैलिने जोखिम हुने भएकाले व्यक्तिगत सरसफाइ र सुरक्षित खानपानमा विशेष ध्यान दिन आग्रह गर्नुभयो । "बर्खायाममा तापक्रम बढ्छ, बाढी र डुबानका कारण खानेपानीका स्रोत दूषित हुने तथा खाद्यान्न बिग्रने सम्भावना बढ्छ", उहाँले भन्नुभयो, "खाना बनाउनुअघि साबुनपानीले हात नधोए संक्रमण सजिलै फैलिन सक्छ । त्यसैले सुरक्षित पानी, ताजा खाना र व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनुपर्छ ।"

अधिकारीका अनुसार वर्षायाममा लामखुट्टेको वृद्धि हुने भएकाले डेङ्गु तथा अन्य कीटजन्य रोगको जोखिम पनि बढ्छ । घरका झ्याल–ढोकामा जाली लगाउने, घर वरिपरि पानी जम्न नदिने तथा लामखुट्टेको टोकाइबाट जोगिने उपाय अपनाउन उहाँले आग्रह गर्नुभयो । डा अधिकारीले ताजा तथा पोषणयुक्त खाना खाने, प्रशस्त झोलिलो पदार्थ र सुरक्षित पानी पिउने तथा धूमपान र मद्यपानबाट टाढा रहन पनि सुझाव दिनुभयो । उहाँका अनुसार सरकारले मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ कार्यान्वयन गर्दै मनसुनजन्य स्वास्थ्य जोखिम न्यूनीकरणका लागि आवश्यक तयारी गरिरहेको छ । सो कार्ययोजनाअनुसार मनसुनजन्य विपद्बाट प्रभावितको उपचारका लागि आवश्यक औषधि, स्वास्थ्य सामग्री, जनशक्ति तथा साधन–स्रोत तयारी अवस्थामा राखिएको छ ।

त्यस्तै, सञ्चार माध्यममार्फत महामारी तथा मनसुनजन्य स्वास्थ्य समस्याबारे जनचेतनामूलक सन्देश प्रवाह गर्ने, सङ्घ र प्रदेशमा रहेका स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई थप सक्रिय बनाउने तथा स्वास्थ्य क्षेत्रको समन्वय र प्रतिकार्यलाई प्रभावकारी बनाउने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ।

डा अधिकारीले ज्वरो, झाडापखाला, बान्ता, शरीर दुख्ने वा अन्य संक्रमणका लक्षण देखिएमा घरेलु उपचारमा अल्झिनुभन्दा तत्काल स्वास्थ्य संस्थामा पुगेर परीक्षण र उपचार गराउन आग्रह गर्नुभयो । मनसुनमा बढ्न सक्छ, कान–नाक–घाँटीका संक्रमण मनसुनसँगै बढ्ने आर्द्रता, पानीजन्य प्रदूषण तथा संक्रमणका कारण कान, नाक र घाँटीसम्बन्धी रोगको जोखिम बढ्न सक्ने बताउनुहुन्छ वीर अस्पतालका नाक, कान तथा घाँटी रोग विशेषज्ञ डा बिमलेश कुमार गुप्ता ।

"वर्षायाममा विशेषगरी कानको संक्रमण, घाँटीको संक्रमण तथा नाकसम्बन्धी समस्या लिएर अस्पताल आउने बिरामीको संख्या उल्लेखनीय रूपमा बढ्ने गर्छ", उहाँ भन्नुहुन्छ, "मनसुनमा वातावरणमा आर्द्रता बढी हुने भएकाले जीवाणु र फङ्गसको वृद्धि सहज हुन्छ । त्यसैले कानको सङ्क्रमण, घाँटी दुख्ने, टन्सिलको सङ्क्रमण तथा नाकका विभिन्न सङ्क्रमण अन्य मौसमको तुलनामा बढी देखिने गरेका छन् ।"

डा गुप्ताका अनुसार प्रदूषित पानी र वातावरण तथा व्यक्तिगत सरसफाइमा कमी हुँदा संक्रमणको जोखिम अझ बढ्छ। "दूषित पानीको प्रयोग, वर्षामा अत्यधिक भिज्ने, कानमा पानी पस्ने तथा आवश्यक सावधानी नअपनाउँदा कान र घाँटीका संक्रमण बढ्न सक्छन्", उहाँले बताउनुभयो । डा गुप्ताका अनुसार जाडोयाममा एलर्जीजन्य समस्या देखिए पनि गर्मी र मनसुनमा भने संक्रमणजन्य रोगको प्रभाव बढछ । "घाँटीमा संक्रमण हुँदा ज्वरो आउने, घाँटी अत्यधिक दुख्ने, निल्न गाह्रो हुने तथा नाक र घाँटी दुवैतर्फ संक्रमणका लक्षण देखिन सक्छन्", गुप्ताले भन्नुभयो।

सामान्य संक्रमणलाई बेवास्ता गर्दा दीर्घकालीन जटिलता निम्तिन सक्ने भएकाले प्रारम्भिक लक्षण देखिनेबित्तिकै उपचार गराउनुपर्ने डा गुप्ताको सुझाव छ । "कानको सङ्क्रमण समयमै उपचार नगरे कानको जालीमा प्वाल पर्न सक्ने, श्रवणशक्ति घट्न सक्ने तथा दीर्घकालीन कानको रोग विकसित हुन सक्ने जोखिम रहन्छ", उहाँले बताउनुभयो ।

मनसुनमा कान, नाक र घाँटीका रोगबाट जोगिन केही सामान्य सावधानी अपनाउन डा गुप्ताको सुझाव छ । "सधैँ शुद्ध र सुरक्षित पानी पिउनुपर्छ । कानमा पानी पस्न दिन हुन्न र कानलाई सावधानीपूर्वक सुक्खा राख्नुपर्छ। चिकित्सकको सल्लाहबिना कानमा तेल वा अन्य कुनै तरल पदार्थ हाल्नु हुँदैन", डा गुप्ताले भन्नुभयो।

उहाँका अनुसार धुलोधुवाँ तथा एलर्जी गराउने वातावरणबाट सकेसम्म जोगिनुपर्ने, व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनुपर्ने, सन्तुलित आहार सेवन गर्नुपर्ने र पर्याप्त आराम तथा पानी पिउने बानी अपनाउनुपर्छ ।

"नाक, कान वा घाँटी दुख्ने लक्षणलाई सामान्य ठानेर बेवास्ता गर्नुहुँदैन", उहाँले भन्नुभयो, "समयमै चिकित्सकीय परामर्श र उपचार गरे अधिकांश संक्रमण सजिलै निको हुन्छन्। तर उपचारमा ढिलाइ गर्दा संक्रमण फैलिने, जटिलता बढ्ने तथा दीर्घकालीन असर पर्ने सम्भावना रहन्छ ।" मनसुनका बेला विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका व्यक्तिमा संक्रमणको जोखिम हुने चिकित्सकको भनाइ छ। प्रारम्भिक लक्षण देखिनासाथ स्वास्थ्य संस्थामा गई चिकित्सकीय परामर्श तथा उपचार लिनु नै सुरक्षित विकल्प भएको विशेषज्ञको सुझाव छ । रासस

# 'संख्या अस्थायी हो, राष्ट्रप्रतिको ..........

अहंकारले हो कि ? म आफैँ पर्याप्त छु, 'मलाई कोही चाहिँदैन' भन्ने सोचले हो कि ? यदि त्यसो हो भने त्यो दुर्भाग्यपूर्ण हो।

चाहे नेपाली कांग्रेसमा होस् या नेकपा एमाले वा अन्य दलमा, थुप्रै संघर्षका अनुभव छन् जुन सरकारका लागि ठुलो सहयोगी हुन सक्छन् । त्यो अनुभव लिन कन्जुस्याइँ गर्नुपर्ने कारण के छ? जति उदार मनले काम गर्न सक्यो, त्यति नै देश, जनता र स्वयं सरकारकै हित हुनेछ। तपाईँहरु जति संवादबाट भाग्नुहुन्छ, प्रतिपक्षलाई जति अवमूल्यन वा अपमानित गर्नुहुन्छ र जनताको एउटा वर्गलाई बेवास्ता गर्नुहुन्छ, त्यति नै राष्ट्र, जनता र तपाईँहरु स्वयं अप्ठ्यारोमा पर्नुहुनेछ ।

दुनियाँमा अप्ठ्यारो पर्दा मानिसहरूले ज्यान फाल्ने गरेका थुप्रै उदाहरण छन्। दोस्रो विश्वयुद्धमा पराजय निश्चित भएपछि हिटलरले पहिला आफ्नी प्रेमिकालाई र पछि आफैँलाई गोली हानेर आत्महत्या गरेको घटना हामीले पढेका छौँ। मानिसले आफ्नो जीवनको औचित्य समाप्त भयो भन्ने ठान्यो भने उसले मृत्युवरण गर्न पाउँछ कि पाउँदैन भन्ने विषयमा युरोपमा अहिले पनि ठुलो बहस चलिरहेको छ।

मेरो तात्पर्य के मात्र हो भने, यी दृष्टान्तले मानिसलाई आत्महत्या वा आत्मदाहतिर दुरूत्साहन गर्ने काम गरिनु हुँदैन। त्यो अमानवीय हुन्छ र मानव जातिको विकास तथा समाजको हितविपरीत हुन्छ। तर, सरकारले यसका पछाडिका कारण के हुन् भनेर गहिरो खोजीनिती गर्न र यस्ता घटना दोहोरिन नदिन के उपाय अपनाउने भन्ने कुराको खोजी गर्न भने बिल्कुल छोड्नु हुँदैन ।

अहिले जताततै हत्या, हिंसा, बलात्कार, आत्मदाह र आत्महत्याका घटना दिनप्रतिदिन बढिरहेका छन्। हामी कसैले पनि निराशामा रहेका मानिसलाई 'अब हल आत्महत्या नै हो कि' भन्ने जस्तो सन्देश जाने गरी बोल्न वा लेख्न हुँदैन। किनभने जीवन एउटा संघर्ष हो, र जीवन रहेसम्म निरन्तर संघर्ष गरिरहने भावनालाई हामी सबैले प्रोत्साहित गर्नुपर्छ। तर, जुन दरमा घटनाहरु बढिरहेका छन्, त्यसले सर्वत्र चिन्ता पैदा गरेको छ। यस्तो अवस्थामा हामी कसैले पनि बहुमतको दम्भ देखाउनु हुँदैन।

नेपालको राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता र सार्वभौमसत्ताको रक्षा गर्दै सुशासन र समृद्धिको आकाङ्क्ष पूरा गर्न हामीले एकताबद्ध पहल गर्न जरूरी छ। म राष्ट्रिय स्वतन्त्र पार्टी लगायत सबै माननीय सदस्यहरूलाई विशेष अपिल गर्न चाहन्छु– तपाईँहरु सबैले गम्भीर ढङ्गले यो विषयलाई लिँदा देशले एउटा गति समात्नेछ । हिजो सर्वदलीय बैठकमा हामी सबैले साम्प्रदायिक विद्वेष नफैलियोस् र सामाजिक सद्भाव कमजोर नहोस् भनेर जुन भावना व्यक्त गरेका छौँ, त्यसमा इमानदार र गम्भीर हुन म विशेष अनुरोध गर्दछु।

यहाँ केही यस्ता कुरा पनि उठेका छन्, जसलाई सम्बोधन नगर्दा भ्रम पर्न सक्छ। मलाई धेरैपटक राष्ट्रियताको विषयमा प्रश्न सोधिएको छ– तपाईँ आफैँ प्रधानमन्त्री हुँदा किन चुप लाग्नुभयो, अहिले किन बोल्नुहुन्छ?

म यो विषयमा बिल्कुल स्पष्ट छु। नेपालको एक इन्च जमिन पनि कसैलाई मिच्न दिनु हुँदैन र नेपालले पनि अरूको एक इन्च जमिन मिच्नु हुँदैन भन्ने मेरो प्रस्ट मान्यता छ। म प्रधानमन्त्री हुँदा भारतका प्रधानमन्त्रीसँग हाम्रा सीमा समस्या समाधान हुनुपर्छ र ईपीजीको प्रतिवेदन बुझ्नुपर्छ भनेर प्रस्ट कुरा राखेको थिएँ । यो कुरा मैले लुकाएको छैन, सार्वजनिक रूपमै भनेको छु। त्यसैले राष्ट्रियताको सवालमा कसैले मलाई सिकाइरहनुपर्छ जस्तो लाग्दैन। मेरो सम्पूर्ण जीवन नै राष्ट्रिय स्वाधीनता र जनताको मुक्तिका निम्ति समर्पित छ र रहिरहनेछ।

अन्त्यमा, म फेरि पनि भन्न चाहन्छु– वर्तमान सरकारले जनताको अपेक्षाअनुसार काम गरोस्। सुशासन, सामाजिक न्याय र समृद्धिको दिशामा अगाडि बढोस्। हाम्रा आफ्ना मतभेद हुन सक्छन्, तर राष्ट्र र जनताको हितमा हामी सबै एक छौँ। यदि यो सरकारले राम्रो काम गर्छ भने हाम्रो पूर्ण समर्थन रहनेछ, तर जनताको हितविपरीत जान्छ भने हामी चुप लागेर बस्नेछैनौँ । हाम्रो खबरदारी निरन्तर रहनेछ।

मलाई यो महत्त्वपूर्ण समय दिनुभएकोमा सम्माननीय सभामुख महोदयलाई पुनः धन्यवाद दिँदै मेरा भनाइ यहीँ टुङ्ग्याउँछु। धन्यवाद !




भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५–५६३९०७
Email : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

साउन १६ गते शनिबार

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

www.bhanjyangnews.com

